लमही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
लुम्बिनी प्रदेश, नेपाल

☎ ०८२-५४००५०
☎ ०८२-५४०८५०

प.सं. :२०८०/०८१ मितिः२०८१/०१/१३

च.नं. :

## आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी तथा औषधीजन्य सामग्री खरिदको विद्युतीय सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

***दोस्रो पटक प्रकाशित मितिः २०८१/०१/१४***

यस लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही दाङमा आ.व.२०८०/०८१ मा आवश्यक पर्ने आधारभूत तथा आकस्मिक सेवाको लागि औषधि औजार उपकरण तथा सामाग्री सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० तथा नियमावली २०६४ को नियम ८४ १(क) बमोजिम खरिद गर्नुपर्ने भएकोले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पुरा गरेका इच्छुक फर्म/कम्पनीहरुले दरभाउपत्र खरिद गरि देहायको मिति र समय भित्र विद्युतीय सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

१. यो सूचना प्रकाशन भएको मितिले ७ औ दिन मिति २०८१/०१/२० गते यस लमही नगरपालिकाको नाममा रहेको आन्तरिक राजस्व रा.बा.बैंक लमही,दाङ खाता नं. ४२९०१००३०१०१०००२ मा रु १०००/- आन्तरिक राजश्व वमोजिमको दस्तुर बुझाइ सक्नुपर्नेछ ।

२. यो सूचना प्रकाशन भएको मितिले ८ औ दिन मिति २०८१/०१/२१ दिनको १२:०० बजेसम्म विद्युतीय माध्यमबाट व्यवसायी दर्ता प्रमाण पत्र नविकरण प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, स्थायी लेखा प्रमाण पत्र तथा आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्र वा म्याद थपको पत्रको प्रतिलिपि सहित निवेदन पेश गरी सक्नुपर्ने छ र सो समयमा पेश हुन आएका विद्युतीय दरभाउपत्रहरु कार्यालय प्रतिनिधिहरु र दरभाउपत्रदाताको रोहवरमा सोही दिनको २:०० बजे खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थिती नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । दरभाउपत्रदाताले दरभाउपत्र र तोकिए बमोजिम धरौटी रकम यस कार्यालयको नाममा रहेको रा.बा.बैंक लमही ,दाङ धरौटी खाता नं. ४२९०१००३०३००००२ मा जम्मा गरेको वैंक भौचर वा सो बराबरको खोलिने अन्तिम मितिले ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी विद्युतीय दरभाउपत्र साथ पेस गर्नुपर्ने छ ।

३. यस कार्यालयले उपलब्ध गराएको BOQ मा उल्लेख भएको औषधि,औषधिजन्य सामग्रीको स्पेशिफिकेशन BOQ मा भए बमोजिमको हुनुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

४. विद्युतीय दरभाउपत्र पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्य कार्यालय खुलेको दिन हुनेछ ।

५. दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व. २०८०/०८१ को लागि भएकोले अषाढ मसान्तसम्म कुनै प्रकारको मूल्य बृद्धिलाई स्वीकार गरिने छैन ।

६. औषधि तथा औषधिजन्य सामग्रीको म्याद समाप्त हुने हकमा पूर्ण म्यादको कम्तीमा पनि ७५ प्रतिशत म्याद बाँकी भएको हुनुपर्नेछ र GMP Certified कम्पनीको औषधिहरु हुनुपर्नेछ ।

७. सप्लाई हुने औषधिहरुको प्रत्येक प्याकिङ्गमा प्याकिङ्गको बाहिर उत्पादन मिति, **Expire Date, ब्याच नम्बर** अनिवार्य उल्लेख भएको हुनुपर्नेछ ।

८. भुक्तानी बिल संगै औषधि तथा औषधिजन्य सामग्रीहरुको **Batch No.** र **Expiry Date** समेत उल्लेख हुनुपर्नेछ र भौतिक गणना गर्दा बिलमा उल्लेख भएको **Batch No.** र **Expiry Date** औषधि तथा औषधिजन्य सामग्रीहरुमा उल्लेख भए अनुरुप मेल खानु पर्नेछ ।

९. निःशुल्क वितरण गर्नुपर्ने औषधिमा निःशुल्क वितरणको लागि भनी उल्लेख भएको हुनुपर्नेछ ।

१०. दरभाउपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट गरेको ठाँउमा सही छाप गरेको हुनुपर्नेछ।

११. दरभाउपत्र प्याकेज अनुसार मूल्यांकन गरिनेछ । दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

१२. सार्वजिनक खरिद नियमावली,२०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको आफ्नो स्वार्थ नवाझिएको पेशा वा व्यावसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा स्वःघोषणा गरेको पेश गर्नुपर्नेछ ।स्वःघोषणा पेश नगरेको दरभाउपत्रलाई मान्यता दिईनेछैन ।

१३. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली,२०६४ तथा नियमानुसार हुनेछ ।

१४. औषधि तथा औषधिजन्य सामग्री विवरण-

| क्र.सं. | विद्युतीय दरभाउपत्र नं. | सामग्रीको विवरण | फाराम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| १ | स्वा. ई.१/०८०/०८१ | आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि तथा औषधिजन्य सामग्री । | १,०००/- | ५९,६०७/- |

...........................१.१.९.८६...
प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

CamScanner